# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१०५

आज मिति २०८१।०९।२० गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| क स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | ज्ञानु |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | पुतली |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री दिपक प्रसाद अधिकारी | सचिव | |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १०५ मितिः २०८१/०९/२०

**निर्णयहरुः**

१. नवविजयी महेन्द्र मा.वि. देखि बिमिरे जाने मोटरबाटो निर्माणका लागि आ.व. २०८०/०८१ मा रु १०,००,०००।– (अक्षेरुपी दश लाख रुपैंया मात्र), विनियोजन भएकोमा वर्षातको समयमा उक्त निर्माण कार्य सञ्चालन गर्दा मेसेनरी वालमा स-साना चिरा परेको देखिएकाले उक्त कार्यमा थप समस्या देखिने/ नदेखिने परीक्षण अवधिको लागि उक्त रकमबाट ३० प्रतिशत मात्र भुक्तानी दिन बाँकी राखी अन्य रकम भुक्तानी गर्ने गाउँ कार्यपालिकाको मिति. २०८१।०३।१८ बाट निर्णय भएकोमा प्राविधिक शाखाले पेश गरेको स्थलगत अनुगमन प्रतिवेदन बमोजिम अनुगमन समितिले सुझाव दिए बमोजिम चिरा परेको भाग सुधारिएको र अन्य भागमा समस्या नदेखिएकाले सोही उपभोक्ता समितिलाई बाँकी रकम उपलब्ध गराउन सकिने औँल्याएकाले सम्बन्धित उपभोक्ता समितिलाई बाँकी रकम भुक्तानी दिन/निर्देशन दिने ।

२. उत्तरगया गाउँपालिका वडा नं १ मुम्बा बगरमा जम्मा भएको नदीजन्य पदार्थको प्राविधिक सहितको स्थलगत अनुगमन समितिले पेश गरेको प्रतिवेदन बमोजिम उक्त क्षेत्रमा ५,९८,८६९.९१ घन फिट बराबरको नदीजन्य पदार्थ जम्मा भएको देखिएको र उक्त परिमाणको बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को आर्थिक ऐन अनुसार नदीजन्य सामाग्रीको मूल्य अभिवृद्धि कर बाहेक रु ४१,९२,०८९.३८।– हुन आउने रकम बराबरको ठेक्का गर्नुपर्ने औँल्याइएकोले उक्त नदीजन्य पदार्थको ठेक्काबन्दो बस्तीका लागि सूचना प्रकाशन लगायत आवश्यक प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

३. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनका लागि आ.व. २०८१/०८२ मा रु १० लाख विनियोजन भएकोमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा रु १२ लाख ७३ हजार ६ सय ३२ रुपैंया खर्च भएकाले स्थानीयस्तरीय प्रतियोगितामा रु २ लाख ७३ हजार ६ सय ३२ रुपैंया अपुग रहेको र जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि अनुमानित खर्च ४ लाख लाग्ने खर्च विवरण सहित रु ६ लाख ७३ हजार ६ सय ३२ थप रकम व्यवस्थापनका लागि सम्बन्धित समिति र शिक्षा, विकास तथा खेलकुद शाखाबाट पेश भएकोमा अपुग रकम रु २ लाख ७३ हजार ६ सय ३२ रुपैंया आगामी गाउँसभाबाट स्रोत सुनिश्चित गरी भुक्तानी गर्ने गरी हाललाई स्थानीयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

२०८१/०९/२०

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

निर्देशन तथा व्यवस्थापन समितिको बैठकले निर्णय गरे बमोजिम ९ लाख ५४ हजार ६ सय ३२ मात्र भुक्तानीका लागि कार्यालयलाई निर्देशन दिने ।

४. माघे संक्रान्ति मेला तथा गोरु जुदाई प्रदर्शनी एवं विविध सांगितिक कार्यक्रम सञ्चालनाका लागि श्री गोसाईकुण्ड युवा क्लब, विदुर न.पा- १० नुवाकोटलाई धार्मिक तथा सांस्कृतिक कार्यक्रम संचालन तथा संस्था सहायता शीर्षकबाट रु ९० हजार र विविध खर्च शीर्षकबाट रु १० हजार गरी कुल रकम रु १ लाख भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने ।

५. उत्तरगया गाउँपालिका र त्रिशुली जलविद्युत कम्पनी लिमिटेड, माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजना नुवाकोट कार्यालय बीच नयाँ पुल पैरीवेशी सडक निर्माणका सम्बन्धमा दुवै पक्षका बीच भएको सर्त बमोजिमको मिति २०८१।०९।०८ मा भएको सम्झौता अनुमोदन गरी सम्झौता बमोजिमको प्रशासनिक तथा प्राविधिक दायित्व पूरा गर्ने गरी कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

६. प्रदेश सरकारवाट हस्तान्तरित पूँजीगत तर्फको ससर्त अनुदान अन्तर्गतको थाक्रेवास चिप्लेटी भदौरे सडक स्तरोन्नती, उत्तरगया १, रसुवा योजनाकोको सट्टा सोही लाभग्राही हुने गरी ओलिडाँडा-सिरुचेत-भदौरे सडक स्तरोन्नती कायम गरी योजनाको नाम परिवर्तनका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

७. वडा नं ५ को नयाँ भवन निर्माणका लागि हाल सञ्चालनमा रहेको पुरानो भवन भत्काउनुपर्ने भएकाले सेवा प्रवाहका लागि स्थायी भवन नबने सम्मका लगि ३ वटा कोठा भाडामा लिन सूचना प्रकाशन भएकोमा मिति २०८१/०९/०९ मा उत्तरगया गाउँपालिका वडा नं ५ का रामदाश श्रेष्ठ र सोही वडाका राम प्रसाद पौडेलको निवेदन पेश भएकोमा मिति २०८१/०९/१८ गतेको खरिद समितिको बैठकको निर्णयले पेश भएको दररेटमा मासिक न्यून कबोल रकम रु १०,३५०।– स्वीकृत गरी गरी पेश गरेकोमा उक्त रकम बराबरको घरभाडा रकम अनुमोदन गर्ने ।

८. बोगटीटार स्वास्थ्य भवन जाने सडक बाटो निर्माण कार्यका लागि कुल रकम रु ८,४३,०५,५१२ बराबरको लागत अनुमान तयार भएकोमा गाउँसभवाट बजेट व्यवस्थापन गर्ने गरी स्रोत सुनिश्चित हुने गरी स्वास्थ्य संस्थामा तत्काल बाटो निर्माण गर्नुपर्ने भएकाले

२०८१/०९/२०

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वडा कार्यालयबाट कार्यसम्पादन गर्नेगरी गाउँपालिकाबाट मिति २०८१।०९।१६ गते ५ नं वडा कार्यालयलाई दिइएको आदेश स्वीकृत गर्दै कार्य गर्न निर्देशन दिने ।

९. लोक सेवा आयोग काठमाडौं कार्यालयको मिति २०७७।०२।२९ को पत्रबाट मिति २०७७।०३।१२ मा यस कार्यालयबाट स्थायी नियुक्ति दिइएको खा पा स टे/इन्जिनियरिङ/सिभिल/स्यानीटरी/ चौथो तहका श्री नमराज विश्वकर्मालाई उक्त पदमा सो समयमा यस कार्यालयमा रिक्त पद नरहेकोले पदस्थापना नगरिएको र निज अन्यत्र कामकाज गर्दै आएकोमा हाल यस कार्यालयमा रिक्त उक्त पदसमेत लोक सेवा आयोगमा माग गरिसकिएकोले निजलाई पदस्थापन गर्न नसकिने हुंदा अन्यत्र पदस्थापनको लागि सहमति प्रदान गर्ने ।

२०८१/०९/२०

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत